**मिति २०७८ श्रावण १३, १४ र १५ गते बसेको प्रदेश स्तरीय विकास समस्या समाधान समिति (PDAC) को बैठकबाट देहायका विषयहरु राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) मा पेश गर्ने निर्णय भयो ।**

| सि नं | समस्या | समाधानका उपाय / निर्णयहुनुपर्ने व्यहोरा |
|---|---|---|
| १. | सडक, खानेपानी जस्ता कतिपय आयोजना राष्ट्रिय वन क्षेत्र र निकुञ्ज क्षेत्रमा वा क्षेत्र भएर निर्माण तथा संचालन गर्नुपर्ने स्थिति रहन्छ । तर उक्त विषय कानुनी रुपमा नै समस्यापूर्ण रहेको छ। जसले गर्दा धेरै आयोजनाहरु कार्यान्वयनमा विलम्ब हुने र लागत समेत बढ्ने अवस्था रहेको छ । | विद्यमान वन ऐन तथा यस विषयसँग सम्बन्धित ऐनमा रहेको व्यवस्था संशोधन गरी यस कार्यलाई सहज बनाउने कार्य संघीय सरकारको तर्फबाट तत्काल अघि बढाउनु पर्ने । |
| २. | कोभिड-१९ संक्रमित विरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुका लागि प्रोत्साहन वापतको जोखिम भत्ता संघीय सरकारको तर्फबाट भुक्तानी हुने व्यवस्था रहेकोमा प्रदेशबाट स्थापना गरिएका कोरोना विशेष अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी एवम् कर्मचारीका लागि त्यस्तो रकम संघबाट प्राप्त हुन नसकेको जसले गर्दा कर्मचारीलाई मर्का परेको र प्रदेशमा अनावश्यक आर्थिक दायित्व बढ्दै गएको । | कोभिड-१९ संक्रमित विरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुका लागि प्रोत्साहन वापतको जोखिम भत्ता संघीय सरकारको तर्फबाट नियमित रुपमा उपलब्ध हुनुपर्ने । |
| ३. | प्रहरी समायोजन सम्बन्धी कार्य नटुङ्गिएकोले शान्ती सुरक्षा कायम गर्ने र प्रहरी प्रशासन सञ्चालन गर्ने विषयमा प्रदेशमा अन्योलता सिर्जना भएको । | नेपाल सरकारबाट यथाशिघ्र प्रहरी समायोजनको कार्य सम्पन्न गरी प्रदेश प्रहरी सञ्चालन व्यवस्थापनको कार्य स्रोत साधन सहित प्रदेशमा हस्तान्तरण गर्नुपर्ने । |
| ४. | संघीय सशर्त अनुदानमा प्रदेशबाट सञ्चालन हुने कतिपय आयोजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर गर्नुपर्ने अवस्था आउने गरेको तर स-साना आयोजना तथा कार्यक्रम संशोधन गर्न समेत संघमा नै पठाउनुपर्ने हालको व्यवस्थाले गर्दा त्यस्ता आयोजनाहरु समयमा कार्यान्वयन गर्न नसकिएको, रकम फ्रिज हुने गरेको र अनावश्यक प्रशासनिक कामहरु बढेको । | संघीय सशर्त अनुदानमा प्रदेश सरकारबाट कार्यान्वयन हुने कार्यक्रमहरुको संशोधन तथा रकमान्तर गर्ने जिम्मेवारी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रदान गर्ने गरी कानुन संशोधन (विनियोजन ऐन/अध्यादेश, २०७८) गर्नुपर्ने । |

मुख्यमन्त्री

| | | |
|---|---|---|
| ५. | प्रदेश मन्त्रालयहरुको प्रशासनिक नेतृत्व (प्रदेश सचिव) छिटो-छिटो परिवर्तन हुँदा त्यसको असर कार्यक्रम कार्यान्वयन लगायत विभिन्न विषयमा पर्न गएको । | प्रदेश सचिव सरुवा/पदस्थापन गर्दा कम्तिमा २(दुई) वर्ष प्रदेश मन्त्रालयमा रहने व्यवस्था मिलाउनु पर्ने । |
| ६. | प्रदेश स्थित यातायात व्यवस्था कार्यालयमा राजस्व असुली, सवारी चालक अनुमति पत्र जारी गर्ने प्रणाली र सफ्टवेयर हस्तान्तरण नभएकोले कार्यसम्पादनमा कठिनाई रहेको । | यातायात क्षेत्र व्यवस्थापनका लागि आवश्यक सफ्टवेयर हस्तान्तरण तथा विकासमा सहयोग हुनुपर्ने । |
| ७. | संघीय निजामती सेवा ऐन जारी नभएको कारणले प्रदेश निजामती सेवा ऐन निर्माणका लागि स्पष्ट मार्गदर्शन नहुँदा प्रदेशको जनशक्ति प्राप्ति तथा व्यवस्थापनमा कठिनाई भएको । | यथाशीघ्र संघीय निजामती सेवा ऐन जारी हुनुपर्ने । |

मुख्यमन्त्री